नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३० अंक २५ २०७७ साल साउन ३२ गते आइतबार (16 Aug 2020 Sunday) मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- कसैको ज्यान मारेमा जन्मकैदसम्मको सजाय हुने,
- इजाजत प्राप्त नगरेको व्यक्तिले इलाज गरेमा तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँम्म जरिबाना हुने तर त्यसरी इलाज गर्दा ज्यान मरेमा जन्मकैद र अंगभंग भएमा पन्ध्र वर्षसम्म कैद हुने,
- मञ्जुरी विना मानव शरीरमा कुनै परीक्षण गर्नेलाई तीन वर्षसम्म कैद र तिस हजार रुपैयाँम्म जरिबाना हुने तर त्यसरी परीक्षण गर्दा ज्यान मरेमा, ज्यान मारे सरह र अंगभंग भएमा अंगभंग भए सरह सजाय हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

**Log on : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : रौतहटको सबै पालिकामा १०० ... ३ पृष्ठमा : द्विपक्षीय विषयमा छलफल ... ३ पृष्ठमा : कोरोनाविरुद्ध रुसले ...

# सप्तरीमा २२ सुरक्षाकर्मीसहित २७ जना कोरोना संक्रमित



**दैनिक समाचारदाता**
**राजविराज, ३१ साउन ।**

कोरोना भाइरसको संक्रमणबाट सप्तरीमा एकै दिन शनिबार २२ सुरक्षाकर्मीसहित २७ जना संक्रमित भएका छन् । योसँगै जिल्लामा संक्रमितको संख्या ६ सय ६१ पुगेको छ ।

गजेन्द्र नारायण सिंह अस्पतालस्थित पिसिआर प्रयोगशालाबाट प्राप्त परिक्षण रिपोर्टले राजविराज वडा नं. ८ स्थित २ नं. प्रदेश प्रहरी तालिम केन्द्र जनकपुर-सम्पर्क कार्यालय राजविराजका २२ जना सुरक्षाकर्मीमा कोरोना पोजेटिभ पुष्टि भएको हो ।

यस्तै शनिबारै प्राप्त पिसिआर परिक्षण रिपोर्टले राजविराज नगरपालिका ६ की ६५ वर्षिया एक महिला, डाक्नेश्वरी नगरपालिका ३ का ४४ वर्षिय पुरुष तथा कंचनरुप

*बाँकी अन्तिम पृष्ठमा*

# स्वतन्त्रता दिवसमा बृक्षारोपण



**दैनिक समाचारदाता**
**राजविराज, ३१ साउन ।**

मित्र राष्ट्र भारत को ७४ औं स्वतन्त्रता दिवस को अवसर सप्तरीमा वृक्षारोपण कार्यक्रम गरिएको छ ।

नेपाल भारत मैत्री युवा संघ सप्तरी एवं युवा सशक्तिकरण संघ नेपालको संयुक्त आयोजनमा शनिबार छिन्नमस्ता गाउँपालिकास्थित छिन्नमस्ता भगवती मन्दिर प्रांगणमा विभिन्न जातका वृक्ष रोपण गरिएको हो ।

उक्त अवसरमा नेपाल भारत

*बाँकी तीन पृष्ठमा*

## दररेट सुची कोटेशन आह्वान सम्बन्धी सुचना

*मिति : २०७७/०४/३२*

तपेश्वरी समाज कल्याण संघ, राजबिराज-५ (हाल-८) ले हरवा चरवा सशक्तिकरण कार्यक्रम अर्न्तगत Corona Virus (COVID-19) को कारणले नेपाल सरकारद्वारा गरिएको लकडाउनले गर्दा कार्यक्रमसँग सम्बन्धित अति बिपन्न १५३ हरवा चरवा परिबारलाई राहत बितरण गर्नुपर्ने भएकोले ईच्छुक फर्म, कम्पनी, ट्रेर्डस तथा आपुर्तिकर्ता लगायतले यो सुचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र आबश्यक कागजहरु सहित दररेट सूची कोटेशन पेश गर्न आब्हान गरिन्छ ।

आबश्यक सामाग्रिहरु

१. चामल: सोना मंसुली २५ किलोको १५३ बोरा (३८२५ किलो)
२. दाल: मसुरो ३०६ किलो
३. तोरीको तेल: १५३ लिटर
४. नुन: १५३ किलो
५. आलु: ७६५ किलो
६. प्याज: ३०६ किलो
७. नुहाउने साबुन: ३१५ पिस
८. फेस मास्क: ४७० पिस
९. ह्यान्ड स्यानिटाईजर: २००ml को १६० बोतल र १ लिटरको २ बोतल

सेवा प्रदायकहरुले आबश्यक कागजातहरु समेत संलग्न राखी दररेट सूची कोटेशन सूचना प्रकाशित मितिले ७ दिन भित्र कार्यालय समय अनुसार यस संस्थामा पठाउन अनुरोध छ ।

तपेश्वरी समाज कल्याण संघ
राजबिराज-५ (हाल-८)
सम्पर्क नं. ०३१-५२३८२३
इमेल: tswo.nepal@gmail.com

## NOVEL CORONA VIRUS (nCOV)

सर्वसाधारणका लागि जनचेतनामुलक संदेश

### नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू

ज्वरो (१००.४ °F भन्दा माथि)
श्वास प्रश्वासमा अत्याधिक समस्या
रुघा र खोकी

*"नोवेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।"*

### नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने?

नियमित रूपमा साबुन-पानीले हात धुने ।
खोक्दा र हाछ्युं गर्दा नाक र मुख छोप्ने ।
फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने।
पशुजन्य मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

## सम्पादकीय ....

# सीमानाकामा कडाई आवश्यक

अहिले महामारीकै आडमा तस्करी समेत फस्टाएको छ । सप्तरीस्थित भारतसँग टासिएको विभिन्न नाकाहरु बन्द रहेको अवस्थामा तस्करहरु रातीको समयमा तस्करी गर्न लागिपरेका छन् । महामारी नियन्त्रण गर्ने क्रममा सरकारले सप्तरीको सबै खुल्ला सीमानाकाहरु बन्द गरेको छ । यसअघि एउटा मात्र कुनौली नाका खुलेको थियो । यसरी सीमानाका बन्द गरिदा त्यहा आवतजावत हुँदैन् तर, तस्करहरुले सोको फाइदा उठाएर रातीको समयमा नेपाल भारत सामान भन्सार छलेर सामान ओसार पोसर गर्ने गरेका छन् ।

नेपाल भारतको सीमानाका खुल्ला रहेकाले ती क्षेत्रहरुको अधिकांश स्थान खुल्ला चौर नै रहन्छ । सो बाटो प्रयोग गरेर तस्करहरु थोरै थारै गर्दै सामानहरु ओसार पोसार गर्ने गरेका छन् । प्रहरी भने ती सबै खुल्ला चौरतर्फ पुग्न नसकेको खण्डमा तस्करहरु सोहीको फाइदा उठाएर तस्करी गर्ने गरेका छन् । यता सरकारले सीमानाकाहरुमा निकै कडाई गरिरहेको भनिरहँदा तस्करहरु भने त्यसको वेवास्था गर्दै मौकाको फाइदा उठाइरहेका छन् ।

तसर्थ खुल्ला सीमानाकाको फाइदा उठाएर सरकारको राजश्वमा असर पुग्ने गरि भइरहेको कामलाई तुरुन्त बन्द गर्ा सम्बन्धीत निकायले त्यस्तालाई कानुनको कठघारामा ल्याउन सक्नु पर्दछ । अनी मात्र सरकारको राजश्वमा बृद्धि हुन्छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# रौतहटको सबै पालिकामा १०० शचयाको क्वारेन्टिन निर्माण गरिने

रौतहट, ३१ साउन (रासस) ।

पछिल्लो केही दिनदेखि कोरोना सङ्क्रमितको सङ्ख्या बढ्न थालेपछि रौतहटको प्रत्येक स्थानीय तहमा कम्तीमा १०० शचयाको क्वारेन्टिन बनाइने भएको छ ।

जिल्लाबाट सङ्कलन हुने स्वाब परीक्षणका लागि प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवको पहलमा जिल्ला अस्पताल गौरमै पिसीआर मेशिन सञ्चालन हुने भएको छ ।

प्रमुख जिल्ला अधिकारी यादवको पहलमा प्रदेश नं २ सरकारको सामाजिक मन्त्रालयबाट पिसीआर मेशिन उपलब्ध गराउने भएको छ । शुक्रबार प्रजिअ यादवको अध्यक्षतामा बसेको जिल्ला विपद् व्यवस्थापन समिति तथा जिल्लास्तरीय कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्रको संयुक्त बैठकले पिसीआर मेशिन व्यवस्थित गर्न तथा आइसोलेसन निर्माणसम्बन्धी विभिन्न महत्वपूर्ण निर्णयसमेत गरेको छ ।

अठार वटै स्थानीय तहले कम्तीमा १०० शचया क्षमताको क्वारेन्टिन तत्काल सञ्चालनमा ल्याउने, भारत तथा विदेशबाट आउने नागरिकलाई सशस्त्र प्रहरी बलको समन्वयमा सम्बन्धित स्थानीय तहले अनिवार्य क्वारेन्टिनमा राख्ने व्यवस्था मिलाउने निर्णय बैठकले गरेको छ । जिल्ला अस्पताल गौरमा पिसीआर मेशिन व्यवस्थापन तथा जिल्लाभित्र आइसोलेसन कक्ष सञ्चालनका लागि प्रत्येक स्थानीय तहले रु पाँच लाखका दरले अस्पताल विकास समितिको खातामा रकम उपलब्ध गराउने निर्णय गरिएको प्रजिअ यादवले जानकारी दिनुभयो ।

कोरोना भाइरसको लक्षण देखा परी शङ्कास्पद व्यक्तिको मृत्यु भएमा मृतकको अनिवार्य कोभिड-१९ परीक्षण गरी रिपोर्ट प्राप्त भएपछि मात्र शव व्यवस्थापन गर्ने निर्णय भएको छ । जिल्ला विपद् व्यवस्थापन कोषमा हाल मौज्दात रहेको रु १७ करोडमध्येबाट कोभिड-१९ रोकथाम, नियन्त्रण तथा समग्र व्यवस्थापनमा खर्च गर्ने अनुमतिका लागि गृह मन्त्रालयसँग अनुरोध गर्नेसमेत बैठकले निर्णय गरेको छ ।

जिल्लामा कृषकको मागअनुसार मलखाद आपूर्ति गर्न सम्बन्धित निकायमा अनुरोध गर्ने, लालबकैया तथा वाग्मती नदी नियन्त्रण आयोजनाको कार्यालय बारा परवानीपुरबाट गौरमा स्थानान्तरण गर्न सम्बन्धित निकायमा अनुरोध गर्नेसमेत सुरक्षा समितिको बैठकले निर्णय गरेको छ । त्यस्तै आइसोलेसन सेन्टरको व्यवस्थापनका लागि पिसीआर मेशिन व्यवस्थापनका लागि कटहरिया नगरपालिकाका नगरप्रमुख सियाराम कुशवाहा, बौधीमाईका नगरप्रमुख राजीवरञ्जन यादव, राजदेवीका नगरप्रमुख धीरेन्द्रकुमार सिंह, गौर अस्पताल विकास समितिको अध्यक्ष शेख जमसैद, जिल्ला अस्पतालका प्रमुख डा कृष्णा साह रहने गरी समिति गठन भएको छ ।

यस्तै देवाहीगोनाही नगरपालिकाका नगरप्रमुख धर्मेन्द्र पटेल, दुर्गाभगवती गाउँपालिकाका अध्यक्ष अरुणाकुमार साह, वृन्दावनका नगरप्रमुख रामस्नेही राय यादव, डा कृष्णा साह, जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत मुकेशकुमार चौरसियाको सहभागिता रहने गरी समिति गठन भएको छ ।

बैठकमा प्रमुख जिल्ला अधिकारी यादव, प्रहरी उपरीक्षक रविराज खड्का, सशस्त्र प्रहरी उपरीक्षक सूर्यसेन ओली, राष्ट्रिय अनुसन्धान प्रमुख अभिनयकुमार सिंह, नेपाली सेनाका कर्णेल सामन्तध्वज खाँडका साथै जिल्लाका १८ स्थानीय तहका प्रमुखको सहभागिता रहेको थियो ।

# बन्दाबन्दीमा स्वदेश फर्कनेमा वाग्मती प्रदेशका बढी

काठमाडौँ, ३१ साउन (रासस) ।

कोभिड-१९ का कारण नियमित अन्तर्राष्ट्रिय हवाई उडान बन्द भएको अवस्थामा सबैभन्दा बढी वाग्मती प्रदेशका नागरिक स्वदेश फर्केका छन् ।

यही साउन ३० गतेसम्म स्वदेश फर्किएका ५१ हजार ४४१ मध्ये १४ हजार २५७ वाग्मती प्रदेशका रहेका कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्र (सिसिएमसी)ले जनाएको छ । त्यसैगरी प्रदेश नं १ का १० हजार ८८३, प्रदेश नं ५ का आठ हजार ५९८, प्रदेश नं २ का आठ हजार ५०६, गण्डकी प्रदेशका छ हजार ७०१, सुदूरपश्चिम प्रदेशका एक हजार ३१९ र कर्णाली प्रदेशका एक हजार १७७ जना स्वदेश फर्केका हुन् ।

सो अवधिमा विभिन्न ३० मुलुकबाट नेपाली स्वदेश फर्किएको तथ्याङ्क छ । संयुक्त अरब इमिरेट्स (युएई)बाट हालसम्म सबैभन्दा बढी १४ हजार ३१४ नागरिक स्वदेश फिरेका छन् । यस्तै साउदी अरेबियाबाट सात हजार ८१७, मलेशियाबाट सात हजार ६४२, कुवेतबाट छ हजार ३२९, कतारबाट छ हजार १९१, बहराइनबाट ९८०, दक्षिण कोरियाबाट ९६७, अष्ट्रेलियाबाट ९४३, ओमानबाट ८११ र माल्दिभ्सबाट ७०९ जना स्वदेश फर्केका सिसिएमसीले जनाएको छ ।

यो तथ्याङ्क कोभिड-१९ महामारीपछि भारतबाहेक तेस्रो मुलुकबाट त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल हुँदै स्वदेश फर्किएकाको हो । कोरोना भाइरसका कारण भारतबाट फर्कनेको तथ्याङ्क यकिन छैन । सरकारले गत जेठ २३ गतेदेखि चार्टर्ड उडानमार्फत विदेशमा अलपत्र परेका नागरिकलाई स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गरी स्वदेश फर्कन दिने निर्णय गरेको थियो ।

**साउनमा तीन हजारले लिए श्रम स्वीकृति**

साउन महिनायता झण्डै तीन हजारले वैदेशिक रोजगारीका लागि पुनः श्रम स्वीकृति लिएका छन् । यही साउन १ गतेदेखि बिहीबारसम्म १५३ महिला र दुई हजार ७५८ पुरुषसहित दुई हजार ९११ जनाले पुनः श्रम स्वीकृति

*बाँकी तीन पृष्ठमा*

हमरा सभक ऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिंकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

यी रोगसँ बचबाक लेल की करैय परतई ?

- खोकैत आऽ छिंकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू ।

आरो ध्यान देववाला बात :

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन कऽ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

आनुरोधकर्ता - सतिश कुमार सिंह
अध्यक्ष
तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी

# द्विपक्षीय विषयमा छलफल गर्न नेपाल-भारत सहमत

काठमाडौँ, ३१ साउन (रासस) ।

नेपाल र भारत द्विपक्षीय विषयमा छलफल गर्न सहमत भएका छन् । प्रधानमन्त्री केपी शर्मा ओली र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीबीच द्विपक्षीय विषयमा छलफल गर्न सहमति भएको हो ।

प्रधानमन्त्री ओलीले आफ्ना भारतीय समकक्षी मोदीसँग शनिबार अपराह्न टेलिफोनमा कुराकानी गर्नुभएको र उहाँहरू भविष्यमा द्विपक्षीय विषयका छलफललाई निरन्तरता दिन सहमत हुनुभएको परराष्ट्र मन्त्रालयले जनाएको छ । टेलिफोन वार्ताका क्रममा प्रधानमन्त्री ओलीले गत चैत २८ गते प्रधानमन्त्री मोदीसँग भएको कुराकानीको स्मरण गर्दै भारतको ७४ औँ स्वतन्त्रता दिवसका अवसरमा उहाँलाई बधाई एवं शुभकामना व्यक्त गर्नुभयो ।

प्रधानमन्त्री ओलीले नेपाल सरकार, नेपाली जनता र स्वयम् आफ्नातर्फबाट प्रधानमन्त्री मोदी र उहाँमार्फत भारत सरकार र जनतामा स्वतन्त्रता दिवसको शुभकामना व्यक्त गर्नुभएको मन्त्रालयले जनाएको छ । प्रधानमन्त्री ओलीले भारतका जनताको निरन्तर प्रगति र समृद्धिको शुभेच्छा पनि प्रकट गर्नुभयो । "स्वतन्त्रता दिवसका अवसरमा शनिबार गर्नुभएको सम्बोधनमा प्रधानमन्त्री मोदीले छिमेकलाई नवीकृतरूपमा प्राथमिकतामा राखिएको बताउनुभएकामा प्रधानमन्त्री ओलीले सराहना गर्नुभयो", मन्त्रालयले जारी गरेको प्रेस विज्ञप्तिमा भनिएको छ, "नेपालका प्रधानमन्त्रीले अर्थपूर्ण द्विपक्षीय सहयोगको अपेक्षा गर्नुभयो ।"

कुराकानीका क्रममा दुवै देशका प्रधानमन्त्रीले कोभिड-१९ विरुद्ध गरिएका पछिल्ला प्रयासबारे विचार आदानप्रदान गर्नाका साथै महाव्याधिका क्षेत्रमा सहकार्य गर्न सहमत हुनभएको छ । महामारीबाट नेपाली जनतालाई जोगाउन तथा त्यसविरुद्ध नेपाल सरकारका प्रयासबारे जानकारी गराउँदै प्रधानमन्त्री ओलीले कोभिड-१९ विरुद्धको खोप चाँडोभन्दा चाँडो विकास हुनुपर्नेतामा जोड दिनुभयो । उहाँले भारतसहित विश्वका वैज्ञानिक त्यस्तो खोप विकास गर्न सफल हुने र त्यसले रोगको रोकथाम र फैलावट नियन्त्रणमा योगदान गर्ने आशा व्यक्त गर्नभयो ।

प्रधानमन्त्री ओलीले संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्को अस्थायी सदस्यमा भारत निर्वाचित भएकामा प्रधानमन्त्री मोदीलाई बधाई ज्ञापन गर्दै उक्त निकायको महत्वपूर्ण जिम्मेवारी निर्वाह गर्न भारतलाई सफलता प्राप्त होस् भन्ने शुभकामना व्यक्त गर्नुभयो ।

# पछिल्लो २४ घण्टामा ४ सय ६८ जनामा कोरोना संक्रमण, तीनको मृत्यु

काठमाडौँ, ३१ साउन (रासस) ।

नेपालमा थप ४६८ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयद्वारा शनिबार यहाँ आयोजित नियमित प्रेस ब्रिफिङमा प्रवक्ता डा जागेश्वर गौतमले पछिल्लो २४ घण्टामा ४६८ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "गत २४ घण्टामा देशभरिको प्रयोगशालामा ११ हजार ४४७ नमूना परीक्षण गर्दा ४६८ जनामा कोरोना देखिएको छ", यससँगै कोरोना सङ्क्रमितको सङ्ख्या २६ हजार १९ पुगेको छ ।" उहाँका अनुसार हालसम्म १७ हजार २०१ जना उपचारपछि निको भएर घर फर्केका छन् । मन्त्रालयका अनुसार हालसम्म पाँच लाख पाँच हजार ६६० जनाको पिसीआर परीक्षण गरिएको छ । प्रवक्ता डा गौतमले पछिल्लो समयमा कोभिड-१९ को रोकथाम तथा नियन्त्रणका लागि खटिएका चिकित्सक र नर्सहरूमा समेत कोभिड-१९ सङ्क्रमण देखिएको र उनीहरूमाथि दुर्व्यवहार भएको समाचार प्राप्त भएको भन्दै दुर्व्यवहार नगर्न सबैमा आग्रह गर्नुभयो ।

हालसम्म विश्वमा दुई करोड १३ लाख ५७ हजार ८९० कोभिड-१९ बाट सङ्क्रमित छन् । यसको सङ्क्रमणबाट हालसम्म सात लाख ६३ हजार ३८७ जनाको मृत्यु भइसकेको छ । एक करोड ४१ लाख ५१ हजार ७६६ जना उपचारपछि निको भएर फर्किएका छन् । मनाङ, मुस्ताङ, डोल्पा र हुम्ला गरी चार जिल्लामा सङ्क्रमितकोसङ्ख्या शून्य छन् ।

**थप तीनको मृत्यु,मृतकको सङ्ख्या १०२ पुग्यो**

पछिल्लो २४ घण्टामा कोरोना सङ्क्रमणबाट थप ३ जनाको मृत्यु भएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ । कपिलवस्तु, पर्सा र धनुषा जिल्लाका एक/एक गरी तीन जनाको मृत्यु भएको हो । यो सँगै मृतकको सङ्ख्या १०२ पुगेको छ । तीमध्ये ८० पुरुष र २२ महिला रहेको प्रवक्ता डा गौतमले जानकारी दिनुभयो ।

*स्वतन्त्रता ...*

मैत्री संघक अध्यक्ष किशोर कुमार यादव, भगवती मंदिरका पिठाधिश महाकान्त ठाकुर, प्रदेश २ शिक्षा कार्यदलका सदस्य सन्तोष कुमार चमन, जनता समाजवादी पार्टी नेपालका युवा नेता नवनीत झा, रामसागर यादव, शंकर मंडल, सुरेन्द्र कुमार राय, दिनेश कुमार शर्मा, पंडित नारायण ठाकुर, पंडित भूवन ठाकुर, कामेश्वर यादव, पत्रकार कृष्णकुमार मंडल, जोगेन्द्र साह, रामकुमार शर्मा, कृष्ण यादव लगायतको सहभागिता रहेको थियो ।

सो अवसरमा रूद्राक्ष, वेल, रातरानी, कपुर, बर, अड़हुल फुल, सफी, विभिन्न प्लानटका फुल सब, सफेदी, बबुर, सिमल टिक लगायतका वृक्ष रोपिएको संघका अध्यक्ष यादवले जानकारी दिए ।

*बन्दाबन्दीमा ...*

लिएको वैदेशिक रोजगार कार्यालय ताहाचालले जनाएको छ ।

सो अवधिमा सबैभन्दा बढी संयुक्त अरब इमिरेट्स (युएई) का लागि एक हजार ३१६ जनाले पुनः श्रम स्वीकृति लिएको कार्यालयले जनाएको छ । यस्तै कतार ७०२, मलेशिया ३०९, साउदी अरेबिया २४८, कुवेत ९९, जापान ५३ र बहराइनका लागि ४८ जनाले पुनः श्रम स्वीकृति लिएका छन् । कोभिड-१९ ले विश्वव्यापी महामारीको रूप लिएसँगै सरकारले गत चैतदेखि श्रम स्वीकृति दिन बन्द गरेको थियो । सरकारले गत असार १८ गतेदेखि पुनः श्रम स्वीकृति दिन थालेको हो ।


## कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आह्वान गरिएको सूचना

**विश्वब्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवं नियन्त्रणका लागि देहायको बैंकमा "कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष" खाता खोलिएको हुँदा इच्छुक ब्यक्ति तथा संघ-संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिन हुन आह्वान गरिएको ब्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।**

**बैंकको नाम : राष्ट्रिय बाणिज्य बैंक**
**शाखा : सिंहदरबार परिसर**
**खाताको नाम : कोरोना भाइरस संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचार कोष**
**खाना नं.: १९६०००००११०१**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**


## विश्व समाचार

# कोरोनाविरुद्ध रुसले बनाएको खोपले काम गर्ने अमेरिकाको विश्वास

वासिङटन, ३१ साउन (रासस/एएनआई) ।

कोरोनाविरुद्ध रुसले बनाएको खोपले काम गर्ने अमेरिकाले विश्वास व्यक्त गरेको छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले रुसी खोप प्रभावकारी र उपयोगी हुने विश्वास शुक्रबार व्यक्त गर्नुभएको हो ।

"मलाई रुसले बनाएको भनिएको खोपका बारेमा धेरै थाहा छैन, तर त्यो प्रभावकारी, उपयोगी हुन्छ र त्यसले काम गर्छ भन्ने मलाई विश्वास छ," उहाँले भन्नुभयो ।

अमेरिकी राष्ट्रपतिको कार्यालय ह्वाइट हाउसमा भएको पत्रकार सम्मेलनमा बोल्ने क्रममा उहाँले रुसी खोपका बारेमा सकारात्मक धारणा राख्नुभएको हो । कोरोनाभाइरस विरुद्धको खोप तयार पार्न रुस विश्वको पहिलो राष्ट्र हुने पनि उहाँको भनाइ छ ।

"मलाई जानकारी भएसम्म कोरोनाभाइरसविरुद्धको खोप तयार पार्न रुस विश्वकै पहिलो मुलुक भएको छ, यो दर्ता भइसकेको पनि मैले थाहा पाएको छु," उहाँले बताउनुभयो ।

उहाँले चाडै नै ठूलो मात्रामा सो खोपको उत्पादन र प्रयोग हुन थाल्ने विश्वास पनि व्यक्त गर्नुभयो । राष्ट्रपति ट्रम्पले यो साह्रै नै महत्वपूर्ण रहेको पनि बताउनुभयो ।

आधारभूत प्रक्रिया पूरा गर्ने र परीक्षण सवै सफल भएपछि आधिकारीक निकायले त्यसको प्रयोगका लागि स्विकृति दिने उहाँको भनाइ छ ।

नयाँ खोप प्रक्रियामा गएको छ र अहिलेसम्म सकारात्मक नतिजा आएको थाहा पाउँदा आफूलाई अन्त्यन्त धेरै खुशी लागेको उहाँले बताउनुभयो ।

उहाँले अमेरिकमा पनि केही बैज्ञानिकले तीन ओटा खोपलाई परीक्षण गरिरहेको र त्यो अहिले तेस्रो चरणमा पुगेको जानकारी दिनुभयो ।

अहिलेसम्म औषधिको औपचारिक प्रयोग गर्न नपाएर विश्वभरी महामारीका रुपमा फैलिएको कोरानोभाइरसविरुद्ध विश्वभरी धेरै बैज्ञानिकले औषधि बनाइरहेको दाबी गरेका छन् । तर ती सवै परीक्षणका क्रममा रहेका छन् भने अहिलेसम्म विश्वस्वास्थ्य संगठनले कसैलाई पनि कोरोनाको औषधिको मान्यता दिएको छैन ।

# विश्वमा कोरोना भाइरस सङ्क्रमितको संख्या दुई करोड तेह्र लाख नाघ्यो

जेनेभा, स्वीट्जरल्याण्ड, ३१ साउन (रासस/एएफपी) ।

विश्वमा दुई करोड १३ लाख ५७ हजार ८९० जना कोरोना भाइरस सङ्क्रमित भएका विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)ले शनिबार जानकारी दिएको छ ।

सो संगठनकाअनुसार शनिबारसम्म विश्वभरी कोरोना भाइरस सङ्क्रमणबाट सात लाख ६३ हजार ३८७ लाख कोरोना भाइरस सङ्क्रमणका कारण मृत्यु भएको छ ।

सङ्क्रमित मध्ये हालसम्म एक करोड ४१ लाख ५१ हजार ७६६ व्यक्ति कोरोना मुक्त भएका छन् । विश्वभरमा ६४ लाख ४२ हजार ७३७ व्यक्ति कोरोना भाइरस सङ्क्रमित रहेका उनीहरुको उपचार भइरहेको छ । सङ्क्रमितमध्ये ६४ हजार ५५९ जनाको अवस्था गम्भीर रहेको जनाएको छ ।

चीनको हुबे प्रान्तको वुहान शहरबाट गत वर्षको डिसेम्बरको अन्त्यबाट शुरु भएको कोरोना भाइरस सङ्क्रमणको कारण अमेरिका सबैभन्दा बढी प्रभावित भएको छ ।

डब्लुएचओकाअनुसार संयुक्त राज्य अमेरिकामा मात्र ५४ लाख ७६ हजार २६६ जनामा कोरोना भाइरसका सङ्क्रमित रहेका छन् । यस प्रकोपका कारण अमेरिकामा एक लाख ७१ हजार ५३५ व्यक्तिको मृत्यु भइसकेको बताइएको छ ।

दक्षिण अमेरिकामा ५१ लाख ५६ हजार ८२ जना कोरोना भाइरस सङ्क्रमति रहेका छन् । यहाँ एक लाख ७३ हजार २८३ जनाको मृत्यु भएको छ ।

उत्तर अमेरिकामा ६४ लाख ५४ हजार ७५९ जना कोरोना भाइरस सङ्क्रमति रहेका छन् । यहाँ दुई लाख ४४ हजार ९०७ जनाको मृत्यु भएको छ ।

युरोपमा ३१ लाख २९ हजार ५४५ जना कोरोना भाइरस सङ्क्रमित रहेका छन् भने दुई लाख दुई हजार ५०१ को मृत्यु भएको छ ।

एसिया ५४ लाख ९० हजार ३०९ जनामा कोरोना भाइरस सङ्क्रमण रहेको छ भने एक लाख १७ हजार १३३ जनाको मृत्यु भएको छ ।

अफ्रिकामा ११ लाख एक हजार ३४२ जनामा कोरोना भाइरस सङ्क्रमण रहेको छ भने २५ हजार १४३ जनाको मृत्यु भएको छ ।

ओसियानामा २५ हजार १३२ जनामा कोरोना भाइरस सङ्क्रमण रहेको छ भने ४०५ जनाको मृत्यु भएको छ ।

# शिक्षण अस्पतालका एकतिहाई शचया आइसोलेसनका लागि

काठमाडौं, ३१ साउन (रासस)।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले देशभरिका शिक्षण अस्पताललाई एकतिहाइ शचया आइसोलेसनका लागि छुटचाउन अनुरोध गरेको छ।

मन्त्रालयका प्रवक्ता डा जागेश्वर गौतमले देशभरि कोभिड-१९ को सङ्क्रमण बढ्दै गएपछि सङ्क्रमित राख्नका लागि अस्पतालले छुट्टै भवन वा कक्ष तोकी स्वीकृत सङ्ख्याको एकतिहाई हुन आउने शचया सङ्ख्या छुटचाइ उपचारको व्यवस्था तत्कालन मिलाउन अनुरोध गरिएको जानकारी दिनुभयो। हिजो (शुक्रबार) पनि सबै निजी अस्पताललाई सङ्क्रमित राख्नका लागि २० प्रतिशत शचया छुटचाउन अनुरोध गरेको थियो।

**सभा, सेमिनार गर्न बन्द**

यसैगरी मन्त्रालयले सभा, सेमिनार, आवासीय कार्यक्रम, गोष्ठी नगर्न अनुरोध गरेको छ। प्रवक्ता डा गौतमले अर्को सूचना नभएसम्म र मन्त्रालयको पूर्व स्वीकृत नलिइ कुनै पनि सभा/गोष्ठी नगर्न अनुरोध गरिएको बताउनुभयो। मन्त्रालयले स्वास्थ्यकर्मीमाथि दुर्व्यवहार नगर्नसमेत अनुरोध गरेको छ।

उपचारमा संलग्न स्वास्थ्यकर्मी सङ्क्रमित भएका भन्दै उनीहरूको सेवाको उच्च मूल्याङ्कन गर्नुको साटो दुर्व्यवहारमा भएका घटना सार्वजनिक भएको प्रति आपत्ति जनाउँदै दुर्व्यवहार नगर्न अनुरोध गरिएको हो। प्रवक्ता डा गौतमले दुर्व्यवहार गर्नेमाथि कानूनअनुसार कारवाही गरिने पनि जानकारी दिनुभयो।

# पाँच दिन नपुगी पिसीआर परीक्षण नगर्न अनुरोध

काठमाडौं, ३१ साउन (रासस)।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सङ्क्रमित व्यक्तिको सम्पर्कमा आएकाहरूले पाँच दिनपछि मात्र पिसीआर परीक्षण गराउन अनुरोध गरेको छ।

मन्त्रालयले प्रवक्ता डा जागेश्वर गौतमले सङ्क्रमित व्यक्तिका सर्म्पकमा आएका व्यक्तिले तुरुन्तै पिसीआर परीक्षणका लागि स्वाब सङ्कलन गरेको पाइएकाले त्यसो नगरी सङ्क्रमित व्यक्तिको रिर्पोट आएको पाँच दिनपछि मात्र पिसीआर परीक्षण गराउन अनुरोध गरिएको बताउनुभयो।

"पिसीआर पोजेटिभ आउन पाँच/सात दिन लाग्ने भएकाले र तुरुन्तै पिसीआर परीक्षण गर्दा फाल्स नेगेटिभ (परीक्षण गर्दा नेगेटिभ तर दुई/चार दिनपछि पोजेटिभ आउने सक्ने) हुने भएकाले पाँच दिन नपुगी परीक्षण नगर्न, नगराउन अनुरोध गरेको छ", उहाँले भन्नुभयो।

अहिले उपत्यकामा १४ अस्पताललाई पिसीआर परीक्षणका लागि स्वाब सङ्कलन केन्द्रका रूपमा तोकी स्वाब सङ्कलन गरिँदै आइरहेको छ। यसका साथै इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखा, कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्र र स्थानीय तहले पनि आवश्यतानुसार स्वाब सङ्कलन गरिरहेका छन्।

उहाँले उक्त अवधिभित्र सङ्क्रमितको सम्पर्कमा आएकालाई घरमै बस्नसमेत अनुरोध गरिएको जानकारी दिनुभयो। अहिलेसम्म नेपालमा पाँच लाख पाँच हजार ६६० जनाको पिसीआर परीक्षण गरिएको छ।

*सप्तरीमा २२ ...*

नगरपालिकाका ३ जनामा पनि संक्रमण पुष्टि भएको हो।

पछिल्लो पटक संक्रमण पुष्टि भएका राजविराज ६ की ६५ वर्षिया महिला कोरोना संक्रमणबाट चार दिन अघि मृत्यु भएका ७५ वर्षिय बेचुलाल साहकी पत्नि हुन्।

यता एकै दिन २२ जना सुरक्षाकर्मीमा कोरोना पोजेटिभ भएपछि उनीहरु कार्यरत प्रहरी तालिम केन्द्रमा आवश्यक सुरक्षा सतकर्ता बढाइएको छ। संक्रमण पुष्टि भएका सबैलाई आइसोलेशनमा ल्याउने तयारीका साथै उनीहरुका सम्पर्कमा आएकाहरुको पहिचान तथा स्वाब संकलन कार्य समेत अघि बढाउने तयारी भइरहेको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादवले जानकारी दिएका छन्।

यता कोरोनाको जोखिमलाई ध्यानमा राख्दै गत साउन ८ गतेदेखी जिल्लामा जारि गरिएको निषेधाज्ञा शनिबार पनि जारि छ। भदौं २ गतेसम्मका लागि जिल्लामा निषेधाज्ञा जारि गरिएको हो।

# सूचना

**नोभल कोरोना भाईरस (कोभिड(१९) रोगको संक्रमणबाट बच्न अत्यावश्यक कामबाहेक सीमावर्ती क्षेत्रमा आवतजावत नगर्नु हुन सम्पूर्ण नेपाली नागरिकहरूलाई सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरूले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# हमरा सभकऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिँकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

**यी रोगसँ बचबाक लेल की करैय परतई ?**

- खोकैत आऽ छिँकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू।

**आरो ध्यान देववाला बात :**

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन कऽ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

आनुरोधकर्ता - **हरेराम यादव**
**अध्यक्ष**
**रूपनी गाउँपालिका, सप्तरी**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्। हाम्रो सेवाहरु →

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit | CITY EXPRESS Money Transfer | Best Remit Quick & Easy | PRABHU Money Transfer — प्रभुको इच्छा — रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम | IME International Money Express | himal remit हिमालरेमिट | CG Money

प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शेखर, मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), इमेल : *rajbirajdainik@gmail.com*, वेबसाइट : *rajbirajdainik.com.np*